दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २३ | बुटवल | २०८१ माघ ०४, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Jan 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**चिसामा हुने स्वास्थ्य समस्याबाट बचौं**

-चिसाबाट बालबालिका र जेष्ठ नागरिक बढी प्रभावित हुने हुँदा उनीहरुको उचित स्याहार गरौं ।
-बाहिर चिसोमा हिड्दा तातो र न्यानो लुगा लगाऔं ।
-कोठामा हिटर वा आगो बाल्दा होसियारी अपनाऔं ।
-चिसोबा जोगिन दैनिक घाम ताप्ने गरौं ।
-शारीरिक व्यायाम गरौं ।
-जाडोबाट बच्ने नाममा धुम्रपान र मद्यपान नगरौं ।
रुघाखोकी, ज्वरो लगायतका स्वास्थ्य समस्या देखिएमा स्वास्थ्य परीक्षण गरौं र गराऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# कृषि क्षेत्रमा तथ्यांकको महत्व बढ्दै, तर छैन अद्यावधिक तथ्यांक

**एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली लागु नहुंदा अनुदान दुरुपयोग हुने मात्र नभई किसानलाई माग अनुसार मल र बिउ खरिद र वितरणमा समस्या हुने गरेको सरोकारवालाको गुनासो छ ।**

**टोपराज शर्मा**
*बुटवल*

रुपन्देहीको शुद्धोधन गाउंपालिकाका वडा नं ७ का दिनेश घिमिरे (परिवर्तित नाम) ले सिंचाईका लागि स्यालो ट्यूबवेल राख्न प्रदेश सरकारबाट पाइने अनुदानका लागि छनोट भए । तर उनले चलाखी गरेर स्थानीय तहबाट पनि अनुदान लिन निवेदन दिए । र दुबै ठाउंमा छनोट पनि भए । तर उनकै छिमेकीले एउटै काममा दोहोरो अनुदान ल्याउन खोजेको थाहा पाएर गाउंपालिकामा उनको बद्मासीबारे जानकारी गराए । बुझ्दै जांदा उनले दोहोरो अनुदान हात पार्न खोजेको पुष्टी भयो । त्यसपछि गाउंपालिकाले अनुदान सम्झौता रोक्यो ।

यो एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । प्रदेश सरकार र सबै स्थानीय तहमा एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली लागु नहुंदा शुद्धोधनको जस्तै दोहोरो अनुदान हात पारेर राज्यकोष दुरुपयोगका घटना अन्यत्र पनि छन् ।

शुद्धोधन गाउंपालिकाका कृषि विकास शाखाका प्रमुख रमेश रेग्मीले गाउंकै एकजना इमान्दार नागरिकले जानकारी दिएकाले मात्रै दोहोरो अनुदान लैजानबाट रोक्न सकिएको बताए ।

'प्रदेशबाट कसले अनुदान पाएको छ भन्ने स्थानीय तहलाई थाहा हुंदैन, मन्त्रालयमा फोन गरेर सोधेर साध्य पनि हुंदैन, टाठाबाठाले यस्तै चलाखी र बद्मासी गरेर दोहोरो तेहेरो अनुदान लैजाने गरेका छन्,कसैले पाउंदैनन्'-रेग्मी भन्छन्-'यस्तो दुरुपयोग रोक्न एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली अपरिहार्य छ ।'

एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली लागु भएको अवस्थामा सूचना प्रविधिको सहायताले गाउंपालिकामै बसेर वेबसाइट हेरेर अनुदान पाएका किसानको विवरण थाहा पाउन सकिने भएकाले वजेटको दुरुपयोग र दोहोरोपन रोकिने रेग्मी बताउंछन् । सही तथ्यांकको अभावमा पालिकामा कति वास्तविक किसान छन् भन्ने तथ्यांक नै नहुंदा काम गर्न समस्या भएको रेग्मीको गुनासो छ । अद्यावधिक यकिन तथ्यांक अभावमा किसानलाई मल र बिउ वितरणमा सधैं झमेला हुने उनको गुनासो छ ।

मुलुक संघीय संरचनामा गएपछि बनेका वडालाई आधार मानेर अझै कृषि क्षेत्रको वैज्ञानिक र यकिन तथ्यांक नहुंदा पुरानो तथ्यांकका आधारमाकाम गर्नुपरेको उनले बताए ।

अनुदानको रासायनिक मल सहकारीमार्फत वितरण हुने गर्छ भने बिउ वडाबाट वितरण हुन्छ। गाउंपालिकाले किसान कार्ड वितरण गरेपनि डिजिटल प्रविधिमा नहुंदा मल र बिउ वितरणका क्रममा कार्डपल्टाएर हेर्नुपर्दा झन्झटिलो र बढी समय लाग्ने गरेकोरेग्मीले बताए । 'एकीकृत तथ्यांक व्यवस्थापन






**शुद्धोधनमा कृषि तथ्यांक**
कूल जनसंख्या : ४१,९०७
खेतियोग्य जमिन : ५७६६ हेक्टर
खेति भइरहेको जमिन : ४३८२ हेक्टर
कृषिमा आश्रित परिवार : ५ हजार परिवार
कृषि समूह : ४९
कृषि फर्म : १४
मल आवश्यक (वार्षिक अनुमानित) :
युरिया : २५ सय मेट्रिकटन
डिएपी : ११५० मेट्रिकटन
पोटास : ६३९ मेट्रिकटन

प्रणाली र डिजिटल कार्ड पूर्णरुपमा कार्यान्वयनमा आउने हो भने वास्तविक किसानको संख्या, कुन किसानले कति जग्गामा कुन कुन खेती गर्छन् ? कति मल र बिउ आवश्यक हो भन्ने वैज्ञानिक र यकिन तथ्यांक हेर्न सकिन्थ्यो, त्यसकै आधारमा खरिद र वितरण हुन्थ्यो'-रेग्मीले भने-'यो नहुंदा हरेक वर्ष मल र बिउको अभावको झमेला झेल्नुपरेको छ, कसैले दोहोराएर लगेका छन्, कसैले एकपटक पनि नपाउने समस्या छ ।'

शुद्धोधन ५ का हरिशंकर चौधरीले खेती लगाउने बेलामा रासायनिक मल पाउन हरेक वर्ष सास्ती खेप्नुपरेको बताउंछन् ।

'धान रोप्ने बेला, गहुं छर्ने बेला जहिले पनि आवश्यक परेको समयमा मल पाइन्न, समय घर्केपछि पाइन्छ, त्यो पनि कहिले आधा, कहिले त्यो भन्दा पनि कम पाइन्छ'-चौधरीले भने-'मलाई १२ बोरा चाहिन्थ्यो एक बोरा मात्र पाएं, त्यतिले के गर्नु ?'

वडा नं ५ मा ११ टोल रहेका र एउटा टोललाई कम्तीमा एक सिजनमा सय बोरा मल चाहिन्छ तर सिंगो वडालाई ७५ बोरा मेल पाएपछि किसानहले भारतको कमसल मल महंगोमा भएपनि किन्नुपर्ने वाध्यता रहेको उनले खुलाए ।

शुद्धोधन गाउंपालिकाका अध्यक्ष विष्णुप्रसाद बस्यालले पालिकालाई एकीकृत तथ्यांक व्यवस्थापन प्रणालीमा जोडेर हरेक सेवालाई डिजिटल प्रविधिमा रुपान्तरण गरेर जाने लक्ष्य अनुसार काम भइरहेको बताए ।

'तथ्यांकलाई आधार मानेर काम गर्दा सेवा प्रवाह प्रभावकारी हुन्छ, दोहोरोपन रोकिन्छ,सुशासन कायम गर्न सकिन्छ'-अध्यक्ष बस्यालले भने-'कृषिप्रधान मुलुकमा त कृषि क्षेत्रलाई डाटाबेसमा लैजान झनै आवश्यक छ,यकिन तथ्यांक नहुंदा मल र बिउ माग र वितरणमा समस्या छ ।'

तथ्यांक नहुंदा कृषि क्षेत्रमा बढेको अपारदर्शिता हटाउन पनि एकीकृत तथ्यांक व्यवस्थापन प्रणालीलाई अगाडि बढाएको र यसलाई पूर्णरुपमा कार्यान्वयन गरेरै छाड्ने अध्यक्ष बस्याल बताउंछन् ।

तुल्सीपुर उपमहानगरपालिकाको कृषि विकास शाखाका प्रमुख धनराज गौतमको अनुभव पनि शुद्धोधनको भन्दा फरक छैन ।

**तुल्सीपुरमा कृषि तथ्यांक**
कूल जनसंख्या : १,४९,६४७
खेतियोग्य जमिन : १७२१२ हेक्टर
खेति भइरहेको जमिन : १५२२७ हेक्टर
कृषिमा आश्रित परिवार : ६०.५ प्रतिशत
कृषि समूह : ४५०
कृषि फर्म : ४१५
मल आवश्यक (अनुमानित)
युरिया : ३४७७ मेट्रिकटन
डिएपी : १७३४ मेट्रिकटन
पोटास : १००० मेट्रिकटन

वडास्तरमा सर्भेक्षण गरेर कृषिको तथ्यांक अद्यावधिक नभएकाले पुरानो जिल्ला कृषि विकास कार्यालयको तथ्यांक अपडेट गरेर काम चलाउनुपरेको शाखा प्रमुख गौतम बताउंछन् । उपमहानगरपालिकाको आफ्नै तथ्यांक नहुंदा मल र बिउ आपुर्ति र वितरणमा किसानबाट गुनासा र समस्या आइरहने गौतमले बताए । 'हाम्रो उपमहानगरको आफ्नै यकिन तथ्यांक छैन,साविकको जिल्ला कृषि विकास कार्यालयको तथ्यांकलाई अपडेट गरेर काम चलाएका छौं'-गौतमले भने-'हरेक पालिकाले वडा तहमा सर्वेक्षण गरेर कृषिको यकिन तथ्यांक तयार गर्न आवश्यक छ, त्यसो हुन सके मात्र मल, बिउ मात्र नभई सिंचाईको समस्याको वैज्ञानिक समाधान निस्कन्छ ।'

» *बाँकी २ पेजमा*

# पक्षघातको औषधी निःशुल्क दिने निर्णय

बुटवल । पक्षघातको उपचारमा प्रयोग हुने औषधी निःशुल्क उपलब्ध हुने निर्णय भएको छ ।

थ्रोम्बोलाइटिक ड्रग्स नामक पक्षघातको यो औषधी निकै महंगो मानिन्छ। साथै, यो औषधी सहज उपलब्ध हुन कठिन छ। यो औषधीको एउटा मात्राको मूल्य नेपालमा झण्डै एक लाख ३८ हजार पर्छ । र, सहजै उपलब्ध नहुने भएकाले पनि धेरैको ज्यान गइरहेको छ ।

अमेरिकी सहयोगमा प्राप्त औषधी संघीय तथा प्रदेश अस्पतालमार्फत निःशुल्क वितरण गरिने निर्णय भएको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले बताए ।

पक्षघातबाट हरेक वर्ष झण्डै आठ सयजनाले ज्यान गुमाइरहेको सरकारी तथ्यांक छ ।

उपचार गर्न सकिने भए पनि औषधी दुर्लभ र महँगो हुँदा धेरैको ज्यान जाने गइरहेको मन्त्री पौडेलले बताए । त्यसैले जीवनरक्षाका लागि सरकारले नै औषधी प्रदान गर्ने व्यवस्था मिलाउन लागेको बताए ।

रक्तचाप र मुटुसम्बन्धी समस्या देखिएका व्यक्तिमा पक्षघात हुने अवस्थामा औषधी प्राप्त नहुँदा ज्यान जाने संख्या बढेको मन्त्रालयको विवरणमा छ ।

थ्रोम्बोलाइटिक ड्रग्स नामक औषधीको एक मात्रा सेवन गरेमा धेरैको ज्यान जोगिने चिकित्सकहरूले बताउने गरेका छन् । अमेरिकी च्यारिटी डाइरेक्ट रिलिफ र मन्त्रालयबीच यससम्बन्धी सहयोगका लागि हस्ताक्षर भएको छ ।

संस्थाले पाँच वर्षसम्मका लागि यस्तो औषधी सरकारको मागका आधारमा उपलब्ध गराउने प्रतिबद्धता जनाएको मन्त्रालयका प्रवक्ता बुढाथोकीले बताए ।

मन्त्रालयले औषधी वितरण र उपचारको व्यवस्थाका लागि निर्देशिका बनाउने प्रक्रिया पनि अघि बढाइसकेको छ । पक्षघातको औषधी र उपचार हुने निर्देशिका संघीय र प्रदेश अस्पतालहरूमा लागू हुने छ ।

यो उपलब्धि नेपालको स्वास्थ्य उपचार सेवामा महत्वपूर्ण भएको न्यूरो चिकित्सक डा. राजु पौडेलले बताए ।

**रेसुङ्गा नगरपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**बाबुराम पल्ली**
प्रमुख प्रशासकीय अधिकृत

**खिलध्वज पन्थी**
नगर प्रमुख

**अनुरोधक :**
**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

**गुल्मीदरबार गाउँपालिकाको अनुरोध**

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**अनुरोधक :**
**गुल्मीदरबार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

# सम्पादकीय

## यसरी बढाउन सकिन्छ लुम्बिनीमा पर्यटक

बुद्ध जन्मस्थल लुम्बिनीमा सन् २०२४ मा ११ लाख ७२ हजार २ सय ८२ ले भ्रमण गरे । सन् २०२३ मा ९ लाख ९८ हजार ९ सय ३८ ले लुम्बिनी भ्रमण गरेका थिए । सन् २०२३ मा तेस्रो मुलुकका ७६ हजार २ सय १० जनाले भ्रमण गरेकोमा सन् २०२४ मा १ लाख ११ हजार ४ सय ३ जनाले भ्रमण गरे । कोरोना महामारीले ठप्प भएको पर्यटक आगमन विस्तारै उकालो लाग्दैछ । कोरोना महामारीले थला परेको पर्यटन क्षेत्र विस्तारै तंग्रिदैछ । पर्यटन क्षेत्र तंग्रिदै जाँदा आर्थिक मन्दीले निराश व्यवसायीलाई आशा जगाएको छ ।

लुम्बिनीमा पर्यटक आगमन बढेको तथ्याङ्क हेर्दा कोरोना महामारी र त्यस लगत्तैको अवस्था भन्दा धेरै सुधार आएको छ । तर मुलुकको समृद्धि हासिल गर्ने पर्यटन भएको र लुम्बिनी एउटा महत्वपूर्ण ठाउँ भएकाले अहिले जुन आगमन छ, यो न्यून हो । लुम्बिनीमा अझै पर्यटकको संख्या बढाउनुपर्छ । आएका पर्यटकको बसाई पनि लम्ब्याउन सरकारी योजना हुनुपर्छ । लुम्बिनी आएका पर्यटक मायादेवी मन्दिर पुगेर मात्रै हुँदैन् भन्ने सन्देश प्रवाह हुनुपर्छ । बुद्धको अस्ति धातु रहेको रामग्राम स्तुप र बौद्ध धर्म तथा संस्कृतिसँग सम्बन्धित विभिन्न संरचना रहेको कपिलवस्तु खुला संग्रहालय हो ।लुम्बिनी आएका पर्यटकलाई रामग्राम र कपिलवस्तु पुऱ्याउन पर्यटकीय पूर्वाधार निर्माणमा ढिलाई भइरहेको छ । पूर्वाधार विकासको योजना निर्माण र कार्यान्वयनले नै हो पर्यटक आगमनको द्वार खोल्ने ।

गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट विभिन्न बौद्ध मुलुकमा सिधा हवाई उडान हुन सकिरहेको छैन् । यद्दपी चीन भ्रमणमा जाने उच्चस्तरीय भ्रमण टोलीले पोखरा र लुम्बिनीमा सिधा हवाई उडान गर्न आग्रह गर्दै आएको छ । चीन सकारात्मक भएको भनिएपनि कार्यान्वयन हुन सकिरहेको छैन् । कम्बोडिया लुम्बिनीमा सिधा हवाई उडान गर्न सकारात्मक भएको भनिएपनि किन कार्यान्वयन हुन सकिरहेको छैन् ?

नारायणगढ–बुटवल सडक निर्माणमा भएको ढिलाईले सडक यातायात असहज छ । काठमाडौं र पूर्वी नेपालबाट आउने सडक नै अस्तव्यस्त भएकाले पनि लुम्बिनी आउने योजना र चाहना हुने हरु पनि आउन सकिरहेका छैनन् । नारायणगढ–बुटवल सडक निर्माण छिटो सक्दा लुम्बिनी आउने पर्यटकको संख्या ह्वात्तै बढ्ने देखिन्छ ।

पर्यटकको आगमन सगैं बसाई लम्ब्याउन सरकारी र निजी क्षेत्र मिलेर लाग्नुपर्छ । लुम्बिनी आएका अधिकांश पर्यटक भारतीय बौद्ध स्थल घुमेर विहान आउने र साँझ फर्किने गरेकालेस्थानीय ट्राभल ऐजेन्सी र होटल व्यवसायी मिलेर पर्यटन प्रवर्द्धनको प्याकेज ल्याएर पर्यटकको बसाई लम्ब्याउन सकिन्छ ।

# दलित- जनजाति जनसमुदायको मुक्तिका लागि



विन बहादुर कुँवर

त्यति मात्रै होइन अहिले दलित र जनजातिको एउटा ठूलो हिस्सा विदेशी साम्राज्यवादी एजेन्सी दलाल (एन.जी.ओ र आइएनजीओ) को कमाउ धन्दा पनि भइरहेको छ । गाउँ, शहर टोलबस्ती चारैतिर वर्षे झरीमा उम्रने च्याउ जस्तै अनेक थरीका क्रिश्चियन चर्च बनिरहेका छन् । त्यसमा सबभन्दा बढी दलित अनि त्यसपछि जनजातिका जनसमुदाय समेटिएका छन् । दलितका समस्याहरुलाई लिएर कम्युनिष्ट पार्टी र नेताहरुप्रति आक्रोश व्यक्त गर्ने दलित अगुवा त्यसप्रति भने त्यति आक्रोशित मात्रै होइन विरोध नै गरेको पाइँदैन । कतै कम्युनिष्टको विरोधको नाममा दलित- जनजाति सबलाई विस्तारै विस्तारै साम्रराज्यवादी छहारीमा पुऱ्याउन त खोजिएको छैन । त्यसो

'विश्वका सारा मजदुर तथा उत्पीडित राष्ट्रहरु एक हो ।' यो कम्युनिष्ट पार्टीको घोषणा पत्रको मूल नारा हो । कम्युनिष्ट पार्टीको तत्कालीन उद्देश्य मजदुर (सर्वहारा वर्ग) लाई एउटा वर्गको रुपमा संगठित गर्दै पूँजीपति वर्गको प्रभुत्वको मुलोच्छेदन गर्नु र सर्वहारा वर्गको राजनीतिक सत्ता स्थापना गर्नु हो । कम्युनिष्टहरुको सिद्धान्तलाई केवल एक वाक्यमा व्यक्त गर्दा व्यक्तिगत सम्पत्तिको उन्मूलन गर्नु नै हो ।

यसरी कम्युनिष्टको मूलभूत सिद्धान्त भनेको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक तथा जातीय सामनता पनि हो । कम्युनिष्टहरुको अन्तिम उद्देश्य वर्गविहीन राज्य र जातजाति विहीन समाज हो, जसलाई साम्यवादी मानव समाज भनिन्छ । जुन यु.जे. पोत्तरले सर्वहारा अन्तर्राष्ट्रिय गीतमा 'यो अन्तिम युद्ध हो, आआफ्नो ठाउँमा डटौं, अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।' भनी उल्लेख गरेका छन् । तर अहिले विश्वव्यापी रुपमा जातजातिबीच, राष्ट्र-राष्ट्र र देशबीच दमन, अन्याय, अत्याचार, लुटमार अनेक द्वन्द्व भइरहेको छ । यसै क्रममा हालै नेपाल-भारतमा विद्यमान जातीय प्रथा र व्यवस्थाको बारेमा अध्ययनको लागि भारतीय एक टोली नेपाल भ्रमणमा आएको छ ।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी, लेनिनवादी) रेड स्टारका महासचिव क. पिजे जेम्सले क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव क. मोहन वैद्य 'किरण' यही जनवरी-६ अर्थात पौष २२ मा एक पत्र लेखी जानकारी गराएका रहेछन् । सोही अनुसार १४ जनवरीमा बुटवलमा एउटा गोष्ठी सम्पन्न भएको छ । १४ जनवरी बुटवलमा एउटा गोष्ठी सम्पन्न भएको छ । उक्त कार्यक्रममा सर्वप्रथम भारतीय कम्युनिष्ट पार्टी (माले) रेड स्टारका पोलिट व्यूरो सदस्य क. तुइन देव र क.शंकरले आफ्नो देशमा देखिएको यो दलित जातीय प्रथाको ऐतिहासिक पृष्ठभूमि र त्यसको असर अनि त्यसका विरुद्ध भएका संघर्षको बेली विस्तार गर्नु भएको थियो । त्यस्तै नेपालका बारेमा क. सन्त बहादुर नेपाली र क. शशीधर भण्डारीले लिखित रुपमा नै अवगत गराउनु भएको थियो । सारमा उहाँहरुको भनाइ थियो- २१ औं शताब्दीको यो वैज्ञानिक र प्राविधिक विश्वमा पनि यस प्रकारको छुवाछुत र जातीय विभेद निन्दनीय नै छ । यसको संरक्षण अहिलेसम्म पनि राज्यले नै गर्दै आएको छ ।

हिन्दु ब्राह्मणवादी राज्य सत्ताको प्रभाव भारत- नेपाल दुवै राष्ट्रमा समान नै छ । संवैधानिक र कानूनी रुपमा जे भनिएर लेखिए पनि व्यवहारमा त्यो पटक्कै देखिएको छैन । यो विरुद्धको संघर्षमा दुवै देशमा जनता अरु खासगरी कम्युनिष्ट पार्टीहरु नै संयुक्त एक भई लाग्नु पर्ने महसुस उहाँहरुबाट भएको थियो । त्यसका लागि भारतमा गुरु घाँसीदास सेवा संघ जस्ता अनेकौं संघसंस्था सक्रिय भइरहेको भारतीय कमरेडहरुले बताए भने नेपालका कमरेडहरुले पनि नेपालमा जातीय समता समाज लगायत विभिन्न जातीय भूमि मोर्चा-संगठन आदि सक्रिय भइरहेको बताए । उहाँहरु दुवैको जोड यो देशको जातीय र सामाजिक कुरीति प्रथा मात्रै नभएर यसमा आर्थिक र राजनीतिक विभेद पनि छ । खासमा यो वर्गीय असमानताकै उपज हो । यसको अन्त्य जातीय संघर्षको साथसाथै अन्ततः वर्ग संघर्षकै माध्यमबाट हुनु पर्ने उहाँहरुको जोड थियो ।

त्यसपछि अन्य विभिन्न वक्ताहरुले पनि यसको बारेमा आआफ्ना मन्तव्य राखेका थिए । केही वक्ताहरुले आफू लामो समयसम्म कम्युनिष्ट पार्टीमा बसी यसका विरुद्ध लडेको तर कम्युनिष्ट पार्टीका मूल नेताहरु नै यसको पक्षमा ब्राह्मणवादकै अनुयायी भई दिएकाले आफू त्यस्ता पार्टी परित्याग गर्दै कोही स्वतन्त्र भने कोही बुद्धमार्गी भएको बताउँदै कम्युनिष्ट पार्टीबाट यस्तो जातीय विभेद र मुक्तिसम्म नभएको सुनाए । हुन पनि आफूलाई कम्युनिष्ट भन्ने र त्यस्तो पार्टीको नेता पनि बन्ने तर जातीय छुवाछुत अनि धार्मिक रुढिवादी अन्धविश्वास अनुसार धार्मिक गतिविधि गरिरहने त्यस्ता अवसरवादी नेताहरुकै कारण जातीय समानता र मुक्ति सम्भव नहुने निश्चित नै छ । त्यस्तै कम्युनिष्ट भनौदा नेताहरुको गतिविधिले गर्दा देशका आम दलित जनसमुदाय यस्ता नेता र त्यस्ता पार्टीहरुप्रति वितृष्णा बढ्नु स्वाभाविक नै छ । जसले गर्दा कम्युनिष्ट पार्टी, मार्क्सवाद-लेनिनवाद र माओवादप्रति नै दलित जनसमुदायको आकर्षण घट्दो छ ।

यसै क्रममा केही कम्युनिष्ट पार्टी अनि त्यसका केही खास खास नेताहरुको यस्तो दोधारे चरित्र अर्थात् कुरामा कम्युनिष्ट तर व्यवहारमा पुरानो रुढिवादी जातीय र धार्मिक परम्पराका पक्षपाती नेताहरुको बारेमा चर्चा गरौं । सर्वप्रथम १० वर्षे माओवादी जनयुद्धका प्रमुख कमाण्डर क. प्रचण्डको अगुवाईमा माओवादी जनयुद्धको थालनी भयो । त्यो क्रममा ठूलठूला सशस्त्र संघर्ष भए । त्यस मध्येको एउटा क्रान्ति जातिय, धार्मिक र सांस्कृतिकको पनि थियो । जातीय समानता, रुढिवादी, धार्मिक परम्परा र अन्धविश्वास विरोधी संघर्ष भए । ठाउँठाउँमा मन्दिर, गुम्बा, चर्च भत्काइए ।

यतिसम्मकि ठाउँ ठाउँमा पुराना पण्डित-पुरोहित आदिलाई कारबाही भयो । यही रुपन्देहीमा पण्डित नारायण पोखरेलको हत्या नै गरियो । तर अहिले तिनै माओवादीका प्रमुख नेता प्रचण्ड कहिले आफ्नो ग्रहदशा कटाउन हिन्दु विधि विधान अनुरुप भैसीको पुजा गर्छन् भने कहिले गेरु बस्त्र धारण गरी भारतको कालिमन्दिरमा गई देवीको पूँजा आजा गर्ने गरेका छन् । यतिसम्मकि धर्म निरपेक्षताको पक्षधर देशको प्रधानमन्त्री नै भएका प्रचण्डले भारतीय प्रम नरेन्द्र मोदीको दलाली र चाकडीका लागि एउटा हिन्दुवादी धार्मिक पण्डा जस्तै गेरु बस्त्र नै धारणा गरी कालिमन्दिरको पूँजा आजा, दान दक्षिणा अनि आर्शावाद-प्रसादी लिई पुनः नेपालको पशुपतिनाथ मन्दिरमा भोलेनाथको आर्शीवाद थाप्न पुगेका थिए । हाय ! यो कस्तो विडम्बना ? विचार, सिद्धान्तमा मार्क्सवादी-लेनिनवादी अझ माओवादी तर बानी-व्यवहार र दैनिक क्रियाकलापमा रुढिवादी धार्मिक परम्परा अन्धविश्वासका पक्षपाती ।

यस्ता धेरै कम्युनिष्ट नेताहरुका उदाहरणहरु छन् । तबत देशका दलित- जनजाति सबैमा यिनीहरु र यिनीहरुले नेतृत्व गर्दै आएका कम्युनिष्ट पार्टीप्रति वितृष्णा र घृणा बढ्न थालेको छ । यस्ता ढोगी र पाखण्डी नेताहरु नै कारण नेपालको सिंगो कम्युनिष्ट आन्दोलन क्षत विक्षत हुँदै गइरहेको छ । तर हाम्रा यी दलित नेता र अगुवाहरुले के बुझ्नुपर्दछ भने कम्युनिष्ट पार्टीको असली विचार र सिद्धान्त यो होइन । खासमा समानताकै हो । जातीय छुवाछुतको मात्रै अन्त्य होइन, दलित भनिने जातपातको मात्रै पनि होइन । हरेक जातजाति सबैको अन्त्य खाली एउटै अन्तर्राष्ट्रिय मानव जाति मात्र रहने कम्युनिष्टको सिद्धान्त हो । जुन माथि सर्वहारा अन्तर्राष्ट्रिय गीतमा भनिएको छ । खास कम्युनिष्ट पार्टीको उद्देश्य निजी सम्पत्ति, निजी परिवार, जातपात, रुढिवादी धार्मिक परम्परा यतिसम्मकि राज्यकै उन्मूलन नै गर्ने साम्यवादी सिद्धान्त हो ।

यही अनुरुप कम्युनिष्ट पार्टीको स्थापना गर्ने भनिएको हो । कम्युनिष्ट हुनुको अर्थ खाली यो कम्युनिष्ट सिद्धान्त र विचारलाई मान्ने मात्रै होइन त्यस अनुरुप व्यवहार गर्नु पनि हो । तर दुःखको कुरा यहाँ एउटा कम्युनिष्ट पार्टीको सदस्यको त के स्वयं यसका उच्च नेताहरुले नै यो लागू गरेको पाइदैन । एउटा कम्युनिष्ट पार्टीको सदस्य हुनुको अर्थ हो सर्वहारा । सर्वहारा भनेको निजित्वको परित्याग हो । निजी सम्पत्ति, निजी परिवार सबैको परित्याग र सामूहिकताको थालनी हो । तर आज हाम्रा देशका सबै कम्युनिष्ट भनौदा नेताहरुको धन सम्पत्ति, घर परिवार, नातागोता, लवाई खुवाई, चालचलन कस्तो छ ? छर्लङ्ग छ बताइरहनु पर्ने छैन । अरबौ अरबको भ्रष्टाचारमा सबै डामिएका छन् । विदेशी कम्पनी र विदेशी बैंकमा अरबौं रुपैयाँ थुप्राइएको छ । कम्युनिष्ट र सर्वहाराको नाममा अरबौका धनी-पूँजीपति कमरेड नेता अनि कसरी पत्याउलान देशका आम शोषित, पीडित, दलित जनसमुदायले यिनीहरुलाई । यिनीहरुकै कारण आज नेपालको सिंगो कम्युनिष्ट आन्दोलनप्रति नै जनआस्था र विश्वास घट्दो छ । घट्दो मात्र होइन बदनामी भइरहेको छ ।

यो कुनै नौलो कुरा होइन । मार्क्सवादको साथसाथमा संशोधनवाद पनि जन्मियो । त्यसका प्रमुख नेता वनास्टिन, काटस्कि, प्लखानोम, टाटस्की, ख्रुश्चोभ अनि लिउ-देङ आदि थिए । संशोधनवाद विचार-सिद्धान्त राजनीतिमा मात्र होइन हरेक क्रियाकलापमा देखा पर्दै आएको छ । बानी व्यवहार, चालचलन, धन सम्पत्ति, परिवार नाता गोता, धर्म संस्कृति आदि सबैमा यो छ । आज नेपालमा पनि मार्क्सवादको नाममा संशोधनवादको खेती गरिदैछ । संशोधनवादका यी छाउराहरुलाई जे गर्दा पनि लाजश्रम केही छैन । अझ भन्ने हो भने यी सबै रोमानियाका पूर्व शासक चाउचेस्कोका असली चेला हुन् । कम्युनिष्टको नाममा चाउचेस्कोले त्यहाँ यस्तै लुटपाट मच्चाएका थिए । श्रीमतीका गहन, घडीका त कुरा परै छाडौ जुत्ता,चप्पल पनि हिरा जडित सुनका थिए । यहाँ पनि सुनिन्छ कम्युनिष्ट नेताका घडी सुनका करोडौ पर्ने । नेताकी छोरीका हेण्ड वेग नै लाखौं रुपैयाँको ।

यस्तै कम्युनिष्ट नेताहरुकै कारण देशमा दलित आन्दोलन सही दिशामा अग्रसर हुन सकिरहेको छैन । खासमा दलित मुक्ति आन्दोलन वर्गीय मुक्ति आन्दोलनको एउटा हिस्सा हो । यो वर्गीय मुक्ति आन्दोलनको नेतृत्व कम्युनिष्ट पार्टीको अभावमा दलित मुक्ति आन्दोलन पनि दिशा हिन अवस्थामा छ । दलित-जनजाति सबै कोही कांग्रेसी भोट बैंक भने कोही दक्षिणपन्थी अवसरवादी माले, एमाले, मसाल, माओवादी आदिका भोट बैंक मात्र भएका छन् ।

त्यति मात्रै होइन अहिले दलित र जनजातिको एउटा ठूलो हिस्सा विदेशी साम्राज्यवादी एजेन्सी दलाल (एन.जी.ओ र आइएनजीओ) को कमाउ धन्दा पनि भइरहेको छ । गाउँ, शहर टोलबस्ती चारैतिर वर्षे झरीमा उम्रने च्याउ जस्तै अनेक थरीका क्रिश्चियन चर्च बनिरहेका छन् ।

त्यसमा सबभन्दा बढी दलित अनि त्यसपछि जनजातिका जनसमुदाय समेटिएका छन् । दलितका समस्याहरुलाई लिएर कम्युनिष्ट पार्टी र नेताहरुप्रति आक्रोश व्यक्त गर्ने दलित अगुवा त्यसप्रति भने त्यति आक्रोशित मात्रै होइन विरोध नै गरेको पाइँदैन । कतै कम्युनिष्टको विरोधको नाममा दलित- जनजाति सबलाई विस्तारै विस्तारै साम्प्रराज्यवादी छहारीमा पुऱ्याउन त खोजिएको छैन । त्यसो हो भने सावधान ! ताप्केको माछो भुग्रामा हुने दुस्कर्म कसैबाट नहोस् ।

### कृषि क्षेत्रमा...

कुनै पनि वडाको कृषि प्रोफाइल नभएको स्वीकार गर्दै गौतमले अद्यावधिक तथ्यांक नहुंदा काम गर्न समस्या भएको बताए । उपमहानगरपालिकामा एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली लागू भएको दुई वर्ष भएपनि कृषि क्षेत्र उक्त प्रणालीमा जोड्न बांकी भएको बताए ।

प्रत्येक वडाका घरधुरीको सर्वेक्षण गरेर कृषि तथ्यांक तयार गर्न ३५ लाख रुपैया वजेट आवश्यक पर्ने उल्लेख गर्दै गौतमले यसबारे उपमहानगर नेतृत्वसंग प्रस्ताव राखेपनि कार्यान्वयन हुन नसकेको बताए ।

उपमहानगरमा किसान कार्ड लागु भएपनि डिजिटल बनाउन नसक्दा यकिन तथ्यांक छिटो र सजिलै पाउन गाह्रो भएको उनले औंल्याए ।

कृषि प्रधान मुलुक भए पनि तीनै तहका सरकारले कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाउन प्राथमिकतामा राखेर आवश्यक लगानी नगरेको शाखा प्रमुख गौतमले गुनसो गरे । 'कृषिमा हरेक वर्ष अद्यावधिक सही तथ्यांक नहुनु नै कृषि प्रधान मुलुकको ठूलो विडम्वना हो'-गौतमले भने-'यकिन तथ्यांक नहुंदा मल र बिउको माग र आपुर्तिमा पनि समस्या हुने कारण यही हो ।'

तुल्सीपुर उपमहानगरपालिकाका प्रमुख टिकाराम खड्का मल र बिउको यथार्थ माग, सहज आपुर्ति र सही प्रयोगका लागि यकिन तथ्यांक अपरिहार्य हुने स्वीकार्छन् । 'उपमहानगरलाई एकीकृत तथ्याक व्यवस्थापन प्रणाली र पूर्णत डिजिटल सेवामा लैजानु समयको माग हो भन्ने बुझेर अघि बढेका छौं'- नगर प्रमुख खड्काले भने-'परम्परागत सेवा प्रवाहबाट एकै पटक डिजिटलमा अभ्यस्त हुन केही समय त लाग्छ नै, त्यसमाथि सबै किसान दाजु भाइ दिदी बहिनी सूचना प्रविधिको सहज पहुंचमा नहुने समस्या पनि छ,यो विस्तारै सुधार भएर सबैको पहुंचमा पुग्छ ।'

कृषि क्षेत्रमा राम्रो काम गरेका लुम्बिनी प्रदेशका तिलोत्तमा नगरपालिका (रुपन्देही), राप्ती गाउंपालिका (दाङ), धुर्कोट र मदाने गाउंपालिका (गुल्मी), रिब्दिकोट गाउंपालिका (पाल्पा) का किसान र पालिकाका कृषि शाखा प्रमुखहरुको साझा समस्या र गुनासो एउटै छ-कृषि क्षेत्रको तथ्यांकलाई डिजिटल माध्यमबाट अद्यावधिक गरिनुपर्छ र एकीकृत तथ्यांक व्यवस्थापन प्रणालीमा जोड्नुपर्छ ।

**कृषि क्षेत्रमा यकिन तथ्यांकको अभाव छ : डा. वली**

लुम्बिनी प्रदेश योजना आयोगका सदस्य डा. सुदन वलीले प्रदेशको कूल गार्हस्थ उत्पादन (जिडिपि)मा २९ प्रतिशत योगदान रहेको कृषि क्षेत्रमा यकिन तथ्यांकको अभाव खड्केको स्वीकार गरे । अहिलेसम्म मनोगत तथ्यांकका भरमा काम भइरहेकाले नै कृषि क्षेत्र पछि परेको र युवा पुस्तालाई कृषि उद्यममा अपेक्षाकृत आकर्षित गर्न नसकिएकाले अब एकीकृत तथ्यांक व्यवस्थापन प्रणाली अन्तर्गत यकिन डाटा तयार गरेर त्यसलाई डिजिटल लैजानुपर्ने उनले बताए ।

प्रणालीमा कृषि गणना २०७८ को तथ्यांक यथार्थपरक नभएकाले त्यसलाई आधार मानेर काम गर्दा परिणाम राम्रो नआउने उनले खुलाए । कृषि गणनामा सम्बन्धित क्षेत्रको ज्ञान भएका र जानकार व्यक्तिलाई मात्र सहभागी गराउनुपर्नेमा अरु क्षेत्रका जनशक्तिलाई प्रयोग गरेर तथ्यांक संकलन गरिएको हुंदा उक्त तथ्यांक यथार्थपरक र वैज्ञानिक नभएको डा. वलीले प्रष्ट पारे । 'कृषि क्षेत्रको मुख्य समस्या भनेकै यकिन तथ्यांकको अभाव हो, सही तथ्यांक नहुंदा नीतिगत निर्णय गर्न, कृषि कार्यक्रम र योजना बनाउन अप्ठेरो भएको छ'-डा. वलीले भने-'नियमित अपडेट भएको तथ्यांक नहुंदा अनुदान लिने र मल, बिउको वितरणमा समेत राज्यका निकायमा पहुंच हुने टाठाबाठाहरुको मात्रै हालीमुहाली हुने गरेको छ, यसले एकातिर राज्यकोष दुरुपयोग भएको छ, अर्कोतिर वास्तविक किसान र लक्षित वर्गले पाउनुपर्ने अनुदान, सुविधा पाउनबाट वञ्चित हुनुपरेको छ ।'

सरकारले हरेक वर्ष प्रत्येक घरधुरी सर्वेक्षण गरेर पुरानो तथ्यांकलाई अद्यावधिक गर्न निकै खर्चिलो हुने औंल्याउंदै डा. वलीले वडा कार्यालय, कृषि सहकारी संस्था र कृषि क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरुको तथ्यांक क्रसचेक गरी यकिन तथ्यांकलाई एकीकृत गर्न सके यथार्थ तथ्यांक निकाल्न सकिने भएकाले सरकारले यो काम गर्नुपर्ने सुझाए ।

**कृषि गणना तथ्यांकमा यस्तो छ लुम्बिनी प्रदेश :**

लुम्बिनी प्रदेशमा ५१ प्रतिशत कृषक परिवारलाई आफैंले उब्जाएको उत्पादनले वर्षभरि खान नपुग्ने देखिएको छ । प्रदेशमा कृषि पेशा गर्नेमध्ये ४९ प्रतिशत परिवारलाई मात्रै आफ्नो उत्पादनले खान पुग्ने पछिल्लो राष्ट्रिय कृषि गणनाले देखाएको छ ।

राष्ट्रिय कृषि गणना २०७८ को तथ्यांक अनुसार नेपालमा कुल घर परिवारमध्ये ६२ प्रतिशत र लुम्बिनीमा ६७ प्रतिशत घर परिवारको मुख्य पेशा कृषि छ ।

राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक बद्रीकुमार कार्कीका अनुसार नेपालमा कृषिमै आश्रित भएर पनि यसको आम्दानीले खान नपुग्ने कृषक परिवार ५५ प्रतिशत र लुम्बिनीमा ५१ प्रतिशत छन् ।

लुम्बिनीमा ११ लाख ४१ हजार परिवारमध्ये ६ लाख ६५ हजार ९२ कृषक परिवार छन् र ४ लाख २६ हजार ६१४ हेक्टर जमिनमा कृषिकर्म भइरहेको छ ।

लुम्बिनीमा कुल कृषक परिवार ६७ प्रतिशत छन्, तर आफ्नै उत्पादनले खान पुग्ने परिवार ५१ प्रतिशत मात्रै छन् । नेपालमा कुल सिञ्चित क्षेत्रफल ५४.५ प्रतिशत देखिएको छ भने लुम्बिनी प्रदेशमा ५६.७ प्रतिशत देखिएको छ ।

लुम्बिनीमा कृषि उत्पादन हुने जग्गाको क्षेत्रफल पनि प्रत्येक वर्ष घट्दै गइरहेको छ । २०६८ सालमा १४ लाख ५६ हजार हेक्टर क्षेत्रफलमा धान खेती गरिएकामा २०७८ मा धान खेती गर्ने क्षेत्रफल घटेर १२ लाख १६.४ हजार हेक्टरमा झरेको छ ।

यस्तै ६ लाख ७३ हजार ७०० हेक्टर क्षेत्रफलमा मकै, ७ लाख ४९ हजार ४०० हेक्टर क्षेत्रफलमा गहुँ र ८४ हजार ४०० हेक्टर क्षेत्रफलमा तरकारी उत्पादन हुने गरेको छ ।

२०६८ को कषि गणनामा ५ लाख ५९ हजार ९०० हेक्टरमा मकै, ७ लाख ४९ हजार ४०० हेक्टरमा गहुँ र १ लाख ७ हजार हेक्टर क्षेत्रफलमा तरकारी खेती हुने गरेको थियो ।

पहाडमा बढ्दो बसाईंसराइले जमिन बाँझो र तराईमा बढ्दो घर निर्माणले उत्पादनमूलक जमिन निरन्तर घटिरहेको निर्देशक कार्कीले बताए ।

लुम्बिनीमा धान खेती हुने जग्गाको क्षेत्रफल २ लाख ४८ हजार ९८४, मकैको ७७ हजार ७७९, गहुँको १ लाख ६८ हजार ८२६ र तरकारीको १६ हजार ५८८ हेक्टर रहेको छ ।

लुम्बिनीमा प्रदेश सरकारले कृषि अनुदानमा कृषकको पहुँच वृद्धि गर्दै उत्पादन बढाउने उद्देश्य लिए पनि ९० प्रतिशत किसान कृषि ऋण र अनुदानबाट बाहिरै रहेको कृषि गणना तथ्यांकले देखाएको छ । बैंक, वित्तीय संस्था र प्रदेश सरकारबाट प्रवाह हुने अनुदान र बैकिङ सहुलियतमा १० प्रतिशत किसानले मात्र फाइदा लिन सकेको कृगिा गणनाले देखाएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालय, काठमाडौंका उपप्रमुख डिल्लीराज जोशीले राज्यको सहुलितपूर्ण कर्जा र अनुदान सीमित टाठाबाठा व्यक्तिहरूले मात्र लिने र वास्तविक किसानसम्म नपुगेका कारण कृषि उत्पादन वृद्धि हुन नसकेको औंल्याए । कृषि अनुदान ७ प्रतिशत र कृषि ऋण जम्मा १२ प्रतिशतले मात्र लिएका उनले बताए ।

तथ्यांक अनुसार गोरुले जोत्ने फलामे हलोको प्रयोग घटेको छ भने ट्र्याक्टर र पावरट्रिलर प्रयोग गर्नेको संख्या बढेको छ । २० दशमलव ४ प्रतिशत किसानले फलामे हलो, ५० दशमलव ८ प्रतिशत ट्र्याक्टर र १३ दशमलव ५ प्रतिशत पावरट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले बताए ।

कृषिगणना २०७८ अनुसार नेपालमा १ लाख ८२ हजार ४४१ (४.४ प्रतिशत) कृषक परिवारले कृषि बीमा गरेका छन् । लुम्बिनी प्रदेशमा कृषि बीमा गरेका किसान ३.९ प्रतिशत मात्र छन् ।

कृषि गणना २०७८ अनुसार मुख्य कृषकमा पुरुष ६७.६ प्रतिशत र महिला ३२.४ प्रतिशत छन् । लुम्बिनी प्रदेशमा मुख्य कृषकमा पुरुष र महिलाको प्रतिशत क्रमशः ६४.५ र ३५.५ प्रतिशत देखिएको छ ।

कृषि गणनाले नेपालमा ७०.४ प्रतिशत कृषक परिवारको आम्दानीको मुख्य श्रोत कृषिकार्य रहेको देखाएको छ । २०६८ सालको कृषि गणनामा कृषिलाई आम्दानीको मुख्य स्रोत मान्ने कृषक परिवार ८३.१ प्रतिशत देखाएको थियो । यसरी नै लुम्बिनी प्रदेश र रुपन्देही जिल्लामा आम्दानीको मुख्य श्रोत कृषि कार्य बताउने कृषकको प्रतिशत क्रमशः ६६.३ र ६४.३ रहेको देखिएको छ ।

जम्मा कृषक परिवारमध्ये नेपालमा २६ प्रतिशत परिवारले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गरेको तथ्यांकमा उल्लेख छ । अघिल्लो कृषि गणनामा कृषिका अतिरिक्त अरु आर्थिक कृयाकलाप गर्नेहरु १६ प्रतिशत थिए ।

लुम्बिनी प्रदेशमा कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गरेको बताउने कृषक २७.८ प्रतिशत रहेको देखिएको छ ।

# मगर भाषा तालिम समापन

बुटवल । नेपाल मगर संघ बुटवल उपमहानगर वडा नं ७ समितिद्वारा आयोजना गरिएको मगर भाषा ढुट प्रशिक्षण तालिमको एक कार्यक्रमका बीच समापन गरिएको छ। १५ दिनसम्म सञ्चालन गरिएको तालिमको बुधबार समापन गरिएको हो । नेपाल मगर संघ बुटवल उपमहानगर वडा नं ७ इकाइ समितिका अध्यक्ष सूर्य बहादुर गाहामगरको अध्यक्षतामा सम्पन्न तालिम समापन कार्यक्रममा बोल्दै बुटवल उपमहानगर वडा नं ७ का वडा अध्यक्ष पदमराज गाहामगरले मगर भाषा लगायत जुनसुकै भाषा संरक्षणका लागि उक्त भाषा मानवीय जीवनसंग जोडिएको हुनुपर्ने बताउनु भएको छ। दैनिक जीवनमा भाषालाई प्रयोगमा ल्याउन आवश्यक रहेको उहाँको भनाई थियो । बुटवलको हकमा मगर भाषा संरक्षणका लागि भाषा प्रशिक्षणको दैनिक कक्षाहरु सञ्चालन गर्न आवश्यक रहेकोमा जोड दिनुभएको छ।

सो अवसरमा नेपाल मगर बौद्ध सेवासमितिका प्रशिक्षण विभाग प्रमूख पूर्ण बहादुर तरामीमगर, नेपाल मगर संघ बुटवल उपमहानगर समितिका अध्यक्ष बसन्ती साठिघरे मगर, पत्रकार सनु थापामगर लगायतले बोल्नु भएको थियो ।७१ जना प्रशिक्षार्थीहरु सहभागी रहेको कार्यक्रममा प्रशिक्षणमा उत्कृष्ट हुने विद्यार्थीहरु कालिका रानामगर, प्रेम पुनमगर, सुधा पाडेमगर लगायतलाई सम्मान समेत गरिएको थियो। संघका वरिष्ठ उपाध्यक्ष लक्ष्मी पुनमगरको स्वागत तथा सचिव अनन्त बहादुर गाहामगरको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । यसैबीच नेपाल मगर संघ बुटवल उपमहानगर समितिले माघे सकराटी पर्वको अवसरमा बुटवलमा बुधबार शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ।

सो अवसरमा बोल्ने वक्ताहरुले हरेक समुदायको स्थानीय चाड र पर्वलाई राष्ट्रियकरण गर्न आवश्यक रहेको बताउनु भएको छ । मगर समुदायले माघ १ गते मनाउने माघे सकराटी पर्व पनि यसै मध्येको एक भएकाले यस्ता पर्वहरुलाई संरक्षण गर्दै मौलिककतालाई बचाउन आवश्यक रहेको वक्ताहरुको भनाई छ।

